**गौरीशंकर संरक्षण क्षेत्र, सम्पर्क कार्यालय, चरिकोट, दोलखाको**
**वन पैदावार (काठ/दाउरा) लिलाम गर्ने बारेको सूचना**
**प्रथम पटक सूचना प्रकाशित मिति : २०८३।०४।२१ गते ।**

प्रस्तुत विषयमा सानिमा जुम हाइड्रोपावर लिमिटेडद्धारा प्रबद्धित जुमखोला जलविद्युत आयोजना अहिले निर्माणाधिन अबस्थामा रहेको छ । उक्त आयोजना निर्माणको लागि वन क्षेत्र प्रयोग गर्न दिने भन्ने नेपाल सरकारको निर्णय बमोजिम निर्माणको कममा कटान गरिएका ८५१ वटा रुख र पोल कटान गर्दा निस्केका निम्न बमोजिमका लगत भएका काठ, दाउरा बिगु गाउँपालिकाको वडा नं. १ मा पर्ने लामावगरमा घाटगद्दि गरी राखिएको छ । ति काठ, दाउरा जे जस्तो अबस्थामा छन, सोही अबस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने भएको हुँदा यो सूचना प्रकाशित गरिएको छ । कानून बमोजिम सूचिकृत भएका इच्छुक काठ, दाउरामा आधारित उद्योगले यो सूचना दीक्षण राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले हुने २१ औ दिन कार्यालय समय भित्र यस कार्यालयबाट बोलपत्र खरिद गरी २२ औ दिन दिनको १२.० वजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्नु हुन सम्बन्धित सबैमा आह्वान गरिन्छ ।

<u>तपसिल</u>

**१. वन पैदावारको विवरण'**

| लट नं. | प्रजाति | किसिम | काठ (क्यू.फि) | दाउरा ( चट्टा) | न्यूनतम मुल्य रु | घाटगद्दि स्थान |
|---|---|---|---|---|---|---|
| १-२०८३. ८४ | उत्तिस, सौर, ठिङग्रेसल्ला र अन्य | गोलिया (२२०० वटा) | ९०६६.९४ | २.५ | १०,४७,९९१ | बिगु गा.पा.-१, लामाबगर |

नोट : थप जानकारीको लागि जिल्ला प्रशासन कार्यालय, दोलखा, कोष तथा लेखा नियन्त्रण कार्यालय, दोलखा, जिल्ला समन्वय समितिको कार्यालय, दोलखा र यस कार्यालयमा टाँस गरिएको सूचना हेर्नु हुन अनुरोध छ ।

**२. बोलपत्र खरिद र दाखिला गर्ने अन्तिम मिति र समय :**

क) खरिद गर्ने स्थान : गौरीशंकर संरक्षण क्षेत्र, सम्पर्क कार्यालय, दोलखा
ख) खरिद गर्ने अन्तिम मिति र समय : २१ औ दिन (मिति २०८३।०५।१० गते) कार्यालय समय भित्र
ग) दाखिला गर्ने अन्तिम मिति : २२ औ दिन (मिति २०८३।०५।११ गतें )
घ) दाखिला गर्ने अन्तिम समय : अपरान्ह १२.०० वजे
ङ) बोलपत्र दाखिला गर्ने अन्तिम मितिमा सार्बजनिक बिदा परेमा कार्यालय खुल्दाका दिन अपरान्ह १२.०० वजे भित्र बोलपत्र दाखिला गरि सक्नु पर्नेछ ।

३. बोलपत्र फारम प्रति लटको रु १,००० पछि फिर्ता नहुने गरी गौरीशंकर संरक्षण क्षेत्र सम्पर्क कार्यालय, दोलखाबाट खरिद गरी दाखिला गर्न सकिनेछ । साथै कबोल गरेको रकमको १०% ले हुन आउने रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड, चरिकोट शाखामा रहेको धरौटी खाता नं. १३००१००००२००३००००००१ मा जम्मा गरेको सक्कलै भौचर समाबेश गर्नु पर्नेछ ।

४. लिलाम बिक्री हुने वन पैदावार उल्लेखित घाटगद्धि स्थलमा गई हेर्न सकिनेछ । काठ, दाउरा जे जस्तो अवस्यामा छ, सोही अवस्यामा लिलाम बिकि गरिनेछ ।

संरक्षण अधिकृत

५. लिलाममा भाग लिन इच्छुक कम्पनी वा फर्मका प्रोपाईटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी, आ.ब. २०८२/८३ को कर चुक्ताको प्रमाणपत्र, भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपी वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी र उद्योग रहेको सम्बन्धित कार्यालयबाट दिएको उद्योगको सूचि दर्ताको प्रमाणपत्रको प्रतिलिपी बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

६. निर्धारित न्यूनतम संख्या र रितपूर्बक पर्न आएका बोलपत्रहरु २२ औ दिन (मिति २०८३।०५।११ गते) अपरान्ह ३.०० बजे साक्षिहरुको रोहबरमा खोलिनेछ । सो दिन सार्बजनिक बिदा परेमा त्यसपछि कार्यालय खोल्दाका दिन सोही समयमा खोलिनेछ ।

७. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १५ (पन्ध्र) दिन भित्र सकार गरेको रकम तथा निर्धारित म.अ.क.(VAT) को रकम छुट्टाछुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

८. बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुबैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । शर्त राखिएका बोलपत्रहरु स्वीकृत गरिने छैन ।

९. बोलपत्र मान्य नहुने अबस्थाहरु

क) खाम सिलबन्दी नभै प्राप्त हुन आएको बोलपत्र

ख) सम्बन्धित गौरीशंकर संरक्षण क्षेत्र सम्पर्क कार्यालय, दोलखाको छाप र कार्यालय प्रमुखको दस्तखत गरी प्रमाणित हुनु पर्नेमा सो नभएको बोलपत्र वा बिकी नभएको बोलपत्र वा बिकी भएको बोलपत्रको प्रतिलिपी दाखिला गरेको बोलपत्र

ग) बोलपत्र जसको नाममा खरिद गरिएको हो उसैको तर्फबाट दाखिला नगरेको बोलपत्र

घ) बोलपत्रदाताको हस्ताक्षर (फर्म, कम्पनी, उद्योगको हकमा छाप समेत) नभएको बोलपत्र

ङ) सकार अंकको १० प्रतिशत धरौटी बापतको रकमको बैक भौचर समाबेश नभएको वा कम रकमको भएको वा छ महिना भन्दा घटीको बैक ग्यारेन्टी धरौटीको रुपमा पेश भएको बोलपत्र

च) बोलपत्र आव्हानको सूचनामा तोकिएका अन्य शर्तहरु पुरा नभएको

छ) म्याद भित्र पेश हुन नआएको बोलपत्र

ज) बोलपत्रको पूर्णता परिक्षण कागजात नभएको

१०. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ । थप जानकारीको लागि फोन नं. ९८५१२४५२६९ मा सम्पर्क गर्न सक्नु हुनेछ ।

संरक्षण अधिकृत